सलिको
SALICO

सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED
(A joint venture with **CEYLINCO INSURANCE PLC.**, Sri lanka)

SALICO VIP ON THE SPOT

(साबिक: **सगरमाथा इन्स्योरेन्स कम्पनी लि.** र **लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.** एक आपसमा गाभिएर बनेको बीमा कम्पनी)

**केन्द्रीय कार्यालय:** "सुरक्षण" भवन, भगवती मार्ग, नक्साल, पोष्ट बक्स नं. १२२११, काठमाडौं, नेपाल
फोन: ०१-४५१२३६७, टोल फ्रि नम्बर: १६६० ०१ ६६ ६६६, फ्याक्स: ०१-४५१२३७८
E-mail: info@salico.com.np, Web: www.salico.com.np

# सेंधमारी तथा नकवजनी बीमालेख

बीमित व्यक्तिद्वारा आफूले सही गरेको प्रस्ताव तथा घोषणा, जुन यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने कुरामा सहमति जनाइएको, माध्यमबाट **सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि.** (यसपछि "कम्पनी" भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि आवेदन गरिएकोले,

बीमाशुल्कको भुक्तानीको प्रतिफल स्वरूप कम्पनी मन्जूर गर्दछ कि यदि बीमाको अवधिभरमा परिसरभित्र राखिएको वा रहेको बेलामा सम्पत्ति वा सोको कुनै अंश परिसरमा वा परिसरभित्र वास्तविक बलपूर्वक वा हिंसात्मक तवरले चोरहरू प्रवेश गरी चोरी गरेमा, चोरिए वा क्षतिग्रस्त बनाइएमा वा त्यसरी बलपूर्वक एवं हिंसात्मक प्रवेश गरेको वा सो गर्ने उद्योग गरेको परिणामस्वरूप बीमितले ब्यहोर्नु पर्ने गरी परिसरमा कुनै क्षति हुनगएमा कम्पनीको इच्छामा कुनै एक बीमा अवधिभर अनुसूचीमा उल्लिखित प्रत्येक सम्पत्ति वा सामान वा सोको अंशको लागि किटान गरिएको बीमांक रकम वा सम्पूर्णमा कुल बीमांक रकम वा सम्पुष्टिद्वारा परिवर्तन गरिएको रकममा नबढ्ने गरी यस बीमालेखमा उल्लिखित वा यसमा अनुमोदन गरिएका शर्त, अपवाद, सीमा तथा अवस्थाहरूको अधीनमा रही कम्पनीले बीमितलाई क्षतिपूर्ति दिने वा मर्मत गरिदिने वा पुनर्निर्माण गरिदिने छ ।

## अपवाद

बीमालेख अन्तर्गत देहायका अवस्थाबाट हुन गएको वा देहायका कारण फलस्वरूप वा परिणामस्वरूप हुनगएको प्रत्यक्ष वा अप्रत्यक्ष हानि-नोक्सानी वा खर्चको क्षतिपूर्ति समावेश गरिने छैन ।

१. युद्ध, आक्रमण, विदेशी शत्रुको कार्य, तनाव (युद्ध घोषणा गरिएको वा नगरिएको जे भए पनि) गृहयुद्ध, बिद्रोह, क्रान्ति, राज्यविप्लव दङ्गा, विद्रोह हूलदङ्गा, हडताल, गैरसैनिक विद्रोह वा सैनिक वा वलात शक्ति अपहरणको प्रत्यक्ष वा परोक्ष कारणबाट उत्पन्न कुनै परिणाम ।

२. बाढी, पहिरो, ज्वालामुखी विस्फोटन, भूकम्प, अन्य प्राकृतिक प्रकोप, आगलागी, विस्फोटन, वायुमण्डलीय गडबडी ।

३. परिसरमा आधिकारिक प्रवेश गरेको व्यक्तिबाट हुनगएको वा बीमितको घरपरिवारको कुनै सदस्य वा बीमितको कुनै कामदार वा नजिकको व्यक्तिबाट प्रत्यक्ष वा परोक्ष रूपमा गरिएको वा निजहरूबाट हुनगएको वा भएको वा निजहरूको मौन सहमति वा गोप्य सहयोगको परिणामस्वरूप ।

४. यस बीमालेख अन्तर्गत बीमा गरिएको भनी विशेष रूपमा उल्लेख गरिएकोमा बाहेक लिखत, बण्ड, विनिमय-पत्र, प्रतिज्ञा-पत्र, रूपियाँ पैसाको सम्बन्धमा प्रत्याभूति, पदक, हुलाक टिकट, टिकटहरूको संग्रह, जवाहरात, घडी, भुल्ला भएको छालाहरू, बहुमूल्य धातु, बहुमूल्य पत्थर, यी मध्ये कुनै कुरा समावेश चीज वस्तु सम्पत्तिको हकाधिकारको लिखत, करार वा अन्य कागजात, व्यापारिक किताब, हस्तलिपिहरू (पाण्डुलिपि), विलक्षण मूर्तिहरू, दुर्लभ किताब, योजना, प्रारूप, मोडेल वा डिजाइनहरू वा बहुमूल्य चीज वस्तुहरू ।

५. कुनै आणविक इन्धन वा आणविक इन्धनको संयोजन वा कुनै आणविक फोहरबाट सिर्जना भएको रेडियो विकीरणबाट उत्पन्न आयोनाइजिङ विकीरण वा क्षति ।

६. परिणामस्वरूप हुने हानि-नोक्सानी/कुनै पनि कानूनी दायित्व ।

## सीमाहरू

क्षतिपूर्तिको कुनै एक अवधिभरमा यस बीमालेख अन्तर्गत कम्पनीको दायित्व देहायको रकमभन्दा बढी हुने छैन ।

(क) अनुसूचीमा उल्लेखित सम्पत्तिको कुनै एक इकाईको सम्बन्धमा उक्त अनुसूचीमा उल्लेखित रकम ।

(ख) सेफमा भएको नोक्सानीको सम्बन्धमा त्यस्तो रकम जुन त्यस्तो नोक्सानी सोधभर्ना, परिपूर्ति गर्न पर्याप्त हुन्छ र जुन बीमितले व्यहोर्नु पर्ने हुन आउँछ ।

(ग) क्षतिपूर्तिको एउटा अवधिभरमा भएको सम्पूर्ण हानि वा नोक्सानीको बीमाङ्कको कुल रकम ।

(घ) अनुसूचीमा उल्लिखित परिसरभित्र राखिएको वा रहेको बेलामा अनुसूचीमा उल्लेखित सम्पत्ति वा सोको कुनै अंश परिसरमा परिसरभित्र वास्तविक बलपूर्वक वा हिंसात्मक तवरले चोरहरू प्रवेशको कारण परिसरको हानि-नोक्सानी वा क्षति वापत बढीमा कुल बीमाङ्कको ५% सम्मको रकम ।

## शर्तहरू

प्रस्तुत बीमालेख तथा अनुसूचीलाई एक अर्काको अभिन्न अंगको रूपमा लिइनेछ र यस बीमालेख वा अनुसूचीको कुनै स्थानमा कुनै शब्द वा शब्द समूहलाई खास अर्थ दिने गरी प्रयोग गरिएको छ भने त्यस्तो शब्द वा शब्द समूहले जुनसुकै स्थानमा प्रयोग गरिएको भए पनि त्यस्तो खास अर्थ नै बुझाउने छ ।

(१) यस बीमालेख अन्तर्गत कुनै दावी सिर्जना गर्ने वा गर्न सक्ने कुनै घटना घटेमा बीमितले त्यस्तो घटनाको जानकारी पाउने बित्तिकै–

  (क) प्रहरीलाई सोको सूचना दिनुपर्ने तथा कुनै दोषी व्यक्ति पत्ता लगाउन, निजलाई दण्ड दिलाउन तथा सम्पत्ति पत्ता लगाउन एवं सो प्राप्त गर्नको लागि सम्पूर्ण कृयात्मक व्यावहारिक कदम चाल्नु पर्नेछ ।

  (ख) कम्पनीलाई सोको लिखित सूचना दिनु पर्नेछ र त्यस्तो घटना घटेको सात (७) दिनभित्र कम्पनी समक्ष लिखित दावी प्रस्तुत गरी

तत्सम्बन्धी यस्ता विस्तृत विवरण तथा प्रमाण पेश गर्नेछ जुन सामान्यतया अपेक्षित हुन्छन् ।

त्यस्तो घटना घटेको ३० (तीस) दिनभित्र कम्पनीलाई सूचित नगरिएको कुनै हानि वा नोक्सानीको लागि कुनै पनि अवस्थामा कम्पनी जवाफदेही हुनेछैन ।

२. हराएको कुनै पनि सम्पत्तिको प्राप्तिको लागि बीमितको नाममा कम्पनीले कुनै पनि समयमा आफ्नो खर्चमा सम्पूर्ण कानूनी उपायहरू अवलम्बन गर्न सक्नेछ र सो प्रयोजनको लागि बीमितले सम्पूर्ण उचित सहयोग उपलब्ध गराउनेछ । कुनै त्यस्तो सम्पत्ति जसको क्षतिको लागि यस बीमालेख अन्तर्गत दावी गरिएको छ, सो सम्बन्धमा कम्पनी हकदार हुनेछ र बीमितले त्यस्तो सम्पत्तिको सम्बन्धमा समूचित रूपमा आवश्यक पर्ने सम्पूर्ण कागजी प्रमाणहरू तथा बीमा कार्यान्वयन गर्नु पर्नेछ । तर बीमितले कुनै सम्पत्ति कम्पनीलाई परित्याग गरिदिन पाउने छैन ।

३. सम्पत्तिको सुरक्षाको लागि बीमितले कामदारको नियुक्ति तथा सुपरीवेक्षण, सम्पूर्ण झ्याल-ढोका सुरक्षा तथा अन्य प्रवेश द्वारहरू एवं अन्य कुराहरूको सम्बन्धमा सम्पूर्ण समुचित पूर्व होशीयारी अपनाउनु पर्नेछ । यस बीमालेख अन्तर्गत कम्पनीको बिरुद्ध कुनै दावी गरिएकोमा कम्पनीलाई समुचित रूपमा आवश्यक प्रमाणहरू पेश गरी बीमा गरिएको कुनै कारणबाट त्यस्तो हानि वा नोक्सानी वास्तविक रूपमा उत्पन्न भएको तथा जुन सम्पत्तिको सम्बन्धमा दावी गरिएको हो त्यो केवल ठीक ठाउँमा नरहेको वा हराएको मात्र होइन भन्ने कुराको सम्बन्धमा कम्पनीलाई विश्वास दिलाउनु पर्नेछ ।

४. लिखित रूपमा कम्पनीको पूर्व स्वीकृति प्राप्त नगरी देहायको कुनै पनि अवस्थामा कुनै दावी स्वीकार योग्य हुने छैनः-

(क) बीमा स्वीकार गरिएको समयमा विद्यमान रहेको परिसर वा जोखिमको कुनै अवस्थामा परिवर्तन गरिएको, वा

(ख) परिसरको कुनै सम्पत्तिको आन्तरिक मूल्यमा कुनै पनि समयमा तात्त्विक रूपमा कुनै बृद्धि वा घटी गरिएको, वा

(ग) यस बीमालेखमा उल्लिखित कुनै करारको फाइदा वा हित बीमित व्यक्ति बाहेक अन्य कुनै व्यक्तिमा निहित रहन गएको ।

५. क्षतिपूर्तिको प्रत्येक अवधिमा यस बीमालेख अन्तर्गत समय समयमा भुक्तान गरिने सबै रकमहरू बीमांक सम्बन्धित रकमको ऱ्हास वा कमी गणना गरिनेछ ताकि क्षतिपूर्तिको सो अवधि भरमा कुनै भावी हानि वा नोक्सानी हुनगएको खण्डमा कम्पनीले बुझाउनु पर्ने कुल रकम कुनै पनि अवस्थामा अनुसूचीको प्रत्येक इकाईको अगाडि उल्लिखित रकमको अंक वा समग्रमा बीमांक रकमको अंकभन्दा बढी नहोस् ।

६. यदि कुनै हानि वा नोक्सानी हुनगएको समयमा कुनै सम्पत्तिको सम्बन्धमा बीमितद्वारा आफैं वा निजको तर्फबाट गरिएको बीमा आकर्षित हुने भएमा यस बीमालेख अन्तर्गत त्यस्तो हानि वा नोक्सानीको अनुपातिक अंशमा मात्र कम्पनीको दायित्व सीमित हुनेछ । यदि त्यस्ता अन्य कुनै बीमा औसतको कुनै अवस्थाको अधीनमा लागु हुने भएमा प्रस्तुत बीमा कुनै औसतको अवस्थामा तत्काल लागु नहुने अवस्था भएमा पनि तद्नुरूप नै औसतको अधीनमा लागु हुनेछ । यस बीमालेख अन्तर्गत बीमा गरिएको कुनै सम्पत्तिका सम्बन्धमा पनि कुनै अन्य त्यस्तो बीमा लागु हुने रहेछ तर आंशीक वा पूर्ण रूपमा यस बीमालेख अन्तर्गत समवर्ती रूपमा बर्गीकरण नगरिने कुनै व्यवस्थाको अधीनमा रहने वा हानि वा नोक्सानीको अनुपातिक रूपमा रकम व्यहोर्ने प्रावधान नराखिएको अवस्थामा यस बीमालेख अन्तर्गत कम्पनीको दायित्व हानि वा नोक्सानीको त्यस्तो अंश वा अनुपातको रकम, जुन यस बीमालेख अन्तर्गत बीमितले सम्पत्तिको मूल्य व्यहोर्नु पर्छ, सम्म मात्र सीमित रहनेछ ।

७. यदि बीमितबाट वा निजको पक्षमा गरिएको कुनै दावी जुन कुनै पनि विषयमा आधारहीन छ वा जालसाज पूर्ण वा जानीजानी अत्यधिक बनाइएको छ वा सोको पुष्टिको लागि झुट्ठा घोषणा वा बयान दिइएको छ भने यस बीमालेख अन्तर्गत कुनै दावी स्वीकार्य हुने छैन ।

८. कम्पनीले बीमितको अन्तिम ठेगानामा लिखित रूपमा पठाएको सात दिने सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस सन्दर्भमा कम्पनीले बीमितलाई यो बीमालेख लागु हुन बाँकी अवधिको लागि आवश्यक पर्ने बाँकी बीमाशुल्क समानुपातिक भाग फिर्ता गर्नेछ वा बीमितले सात दिने सूचनाद्वारा कुनै पनि समयमा यो बीमालेख खारेज गर्न सक्नेछ, तर त्यस बखत (बीमा अवधि भर) कुनै दावी नभएको हुनु पर्नेछ र बीमितले कम्पनीबाट लागु भैसकेको अवधिको भुक्तान गरिसकेको बीमाशुल्कबाट छोटो अवधि तालिका दरले लाग्ने बीमाशुल्क कटाई बाँकी बीमाशुल्क फिर्ता पाउने छ ।

९. कम्पनी तथा बीमित वा कुनै दावेदार बीच यस बीमालेख अन्तर्गत कुनै मत भिन्नता वा विवाद उत्पन्न भएमा बीमा ऐन, २०७९ अनुसार हुनेछ ।

१०. बीमितले यस बीमालेख अन्तर्गत गर्नुपर्ने कुनै कुरा वा निजले गर्नुपर्ने कुनै शर्तको सम्बन्धमा सम्बन्धित हुने हदसम्म यस बीमालेखमा उल्लिखित शर्त, अवस्था तथा अनुमोदनहरूको समूचित अवलम्बन एवं पालना तथा उक्त प्रस्तावमा दिइएका कथन एवं अन्तरको सत्यता यस बीमालेख अन्तर्गत कुनै भुक्तानी गर्नुपर्ने कम्पनीको दायित्वको पूर्व शर्त मानिने छन् ।

## विज्ञप्ति

यस बीमालेखमा घोषणा तथा स्वीकार गरिएको छ कि यो बीमालेख सेफको साँचो वा सोको नक्कली साँचो प्रयोग गरी सेफबाट झिकिएको नगद र/वा गरगहना र/वा अन्य सामानको हकमा लागु हुने छैन । तर धम्की वा बल प्रयोग गरी त्यसरी उक्त सामान झिकी लगिएको हकमा भने लागु हुनेछ ।

त्यस्तै घोषणा तथा स्वीकार गरिएको छ कि यस बीमालेख अन्तर्गत बीमा गरिएको सेफमा राखिएका नगद र/वा गरगहना र/वा अन्य सामानको मूल्यको रेकर्ड उक्त सेफ बाहेक अन्य कुनै स्थानमा सुरक्षित राखिएको छ भने चोरी भएको समयमा त्यस्ता श्रेस्ताबाट देखाइएका नगद र/वा गरगहना र/वा अन्य सामानको मूल्यसम्म मात्र कम्पनीको दायित्व सीमित रहनेछ तर त्यस्तो दायित्व बीमांक रकमको अंकभन्दा बढी हुने छैन ।

यो कुरा बोध एवं स्वीकार गरिएको छ कि यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति क्षति हुँदाको समयमा बीमांक रकमको अंकभन्दा बढी मूल्यको भए उक्त फरकको लागि बीमित स्वयं सो रकमको बीमक मानिनेछ र क्षतिको अनुपातिक हिस्सा तद्नुरूप बीमितले नै व्यहोर्नु पर्नेछ ।